# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.
Ref. No.

मितिः २०८२/०४/१२

## अनुशासन सम्बन्धी उजुरी उपर सदस्यलाई सचेत गराइएको बारे सूचना ।

*संस्थाका "घ" वर्गको पेशागत प्रमाणपत्र प्राप्त एक लेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदन जारी गर्दा प्रतिवेदन जारी गरेको मिति तथा UDIN उल्लेख नगरेको र उक्त प्रतिवेदन उजुरीकर्ताहरुले भिसा प्रयोजनार्थ अधिकारप्राप्त निकायमा पेश गरेकोमा सोही कैफियतहरुका कारण सो निकायले निजहरुको भिसा रद्ध गरेको व्यहोरा उल्लेख गरी लेखापरीक्षक विरुद्ध संस्थामा दुई उजुरी दर्ता भएको ।* उपरोक्त उजुरीको सम्बन्धमा छानविन गर्दा निजले संस्थाबाट विभिन्न समयमा जारी गरेको UDIN सम्बन्धी निर्देशनको परिपालना गरेको नदेखिएको तर विगतमा परिषद्ले गरेको निर्णय, संस्थाका कार्यकारी निर्देशकले जारी गरेका UDIN सम्बन्धी सूचनाहरु, कार्यकारी निर्देशकबाट विगतमा विभिन्न निकायसँग भएका पत्राचार आदिको विश्लेषण तथा आरोपित लेखापरीक्षकबाट भएको UDIN सम्बन्धी निर्देशन उल्लंघनको गाम्भिर्यतालाई मध्यनजर गर्दा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १४(५) बमोजिमको हदसम्म सजाय गर्नुपर्ने अवस्था रहेको नदेखिएकोले आरोपित सदस्यलाई अनुशासन सम्बन्धी उजुरी छानबिन कार्यविधि, २०७७ (पहिलो संशोधन २०७८ सहित) को दफा ५(११) बमोजिम एक पटकको **लागि सचेत गराउने** र निज उपरको यस **उजुरीलाई तामेलीमा** राख्ने निर्णय परिषद्को मिति २०८२ असाढ २७ गते बसेको ३५२ औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको छ ।

*नोटः*
*यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।*

..............................
सिए. विमल डंगोल
कार्यकारी निर्देशक


ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 977-1-5430832, 5430730, Fax: 977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar: Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj: Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi: Tel: 977-091-527493, Email: icandhg@ican.org.np